मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ९ अंक १६४ | १८ पुस २०८० बुधबार | 3 January 2024 Wednesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# बाल विवाह रोक्न बालिका बीमा कार्यक्रम

## ❖ बाल विवाहको सूचना दिनेलाई २५ हजार पुरस्कार




कपिलवस्तु १७ पुस

रुपन्देहीको रोहिणी गाउँपालिकाले बालिका बीमा कार्यक्रम शुरु गरेको छ।

ग्रामीण क्षेत्रमा बालविवाहको अन्त्य गर्न, समयमै जन्मदर्ता, विवाह दर्ताजस्ता व्यक्तिगत घटना दर्ताका लागि नागरिकलाई प्रोत्साहन गर्न बालिका बीमा कार्यक्रम शुरु गरिएको गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवले बताउनु भयो।

बालिकाको उच्च शिक्षामा सहयोग पुग्ने तथा आर्थिकरूपमा कमजोर परिवारलाई सहयोग पुग्ने अपेक्षासहित कार्यक्रम शुरु गरिएको यादवले बताउनु भयो। गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा जन्मिएका बालिकाको बीमा गर्ने भएको छ। यो कार्यक्रमबाट भ्रुण हत्यामा कमी आउने र छोराछोरीबीचको भेदभाव पनि कमी आउने विश्वास लिइएको यादवले बताउनु भयो।

रोहिणी गाउँपालिका र प्रभु महालक्ष्मी इन्स्योरेन्स कम्पनी लिमिटेडबीच बीमा सम्झौता भएको छ।सम्झौताअनुसाररोहिणीअन्तर्गतका स्वास्थ्य संस्थामा र स्वास्थ्य संस्थाले सिफारिस गरेकामध्ये छोरी जन्मिएकालाई यो बीमा योजनामा आबद्ध गराइने उल्लेख छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीप्रसाद गौतमले गाउँपालिका अध्यक्ष बालिका संरक्षण अभियानअन्तर्गत बालिका बीमा कार्यक्रम लागू गरिएको बताउनुभयो। उहाँले बालिका बीमा कार्यक्रमले बालिकाको उच्च शिक्षामा मात्र नभइ बालविवाह अन्त्य, घरमै सुत्केरी गराउने प्रचलनलाई स्वास्थ्य संस्थामा गराउन प्रोत्साहन गर्ने बताउनुभयो ।यता प्यूठान १७ पुस। प्युठानको ऐरावती गाउँपालिकाले बालविवाह भएको जानकारी दिनेलाई २५ हजार रुपैयाँ पुरस्कार दिने भएको छ।

गाउँपालिकाको १४औँ गाउँसभाले बालविवाह भएको वा हुन लागेको जानकारी दिनेलाई २५ हजार रुपैयाँ पुरस्कार दिने निर्णय गरेको हो। गाउँपालिका अध्यक्ष नविलविक्रम शाहले गाउँसभाबाट बालविवाह रोकथाम र न्यूनीकरणका लागि यस्तो योजना ल्याइएको जानकारी दिनुभयो।

गाउँपालिकामा बालविवाह गर्नेको स¤्या अत्यधिक देखिएपछि त्यसको रोकथामका लागि बालविवाह गर्नेको सूचना दिनेलाई पुरस्कारको व्यवस्था गरिएको उहाँले बताउनुभयो । बालविवाहसम्बन्धी सूचना दिनेको नाम गोप्य राखिने अध्यक्ष शाहले बताउनुभयो।

# एमालेलाई संगै लिएर जाने मुडमा प्रचण्ड

काठमाडौं १७ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रियसभा निर्वाचनमा एमालेलाई पनि सँगै लिएर जाने गृहकार्य अघि बढाएका छन् । माघ ११ गते राष्ट्रियसभाको १९ सीटमा निर्वाचन हुँदैछ ।सत्ता गठबन्धन दलहरु मिलेर जाने सहमति बनेको हुँदा राष्ट्रियसभा निर्वाचनमा एमालेले कुनै सीट जित्न सक्ने अवस्था छैन । तर, प्रधानमन्त्रीले एमालेसँग पनि छलफल गरेको माओवादीका एक पदाधिकारीले स्वीकारे।



उनका अनुसार यस विषयमा प्रचण्डले हिजो बालुवाटारमा एमले अध्यक्ष केपी शर्मा ओलीसँग छलफल गरेका छन् ।ती पदाधिकारीले नेपाल भने, 'राष्ट्रियसभा निर्वाचन, शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनेलगायत कानून निर्माणको विषयमा हिजो उहाँले छलफल गर्नुभएको थियो। तर, टुंगिएको अवस्था होइन ।'सत्ता गठबन्धनमा कुनै समस्या नआउने गरी प्रधानमन्त्री प्रचण्डले एमालेलाई पनि समेट्न खोजेको ती नेताको भनाइ छ। तर, सीट नै तोकेर भने एमालेलाई प्रधानमन्त्रीले कुनै प्रस्ताव नगरेको उनले बताए ।तर, एमालेका उपमहासचिव प्रदीप ज्ञवाली प्रधानमन्त्रीसँग राष्ट्रियसभा निर्वाचनको विषयमा कुनै छलफल नभएको दाबी गर्छन्।

उनी भन्छन्, 'हिजो प्रधानमन्त्रीसँग अध्यक्षज्यूको शान्ति प्रक्रियालगायतको कानून निर्माणको विषयमा छलफल भएको थियो। त्यहाँ राष्ट्रियसभा निर्वाचनबारे कुनै छलफल भएको होइन ।'उनले गठबन्धनभित्रै भागबन्डाको लछाचुँडी भइरहेको बेलामा एमालेले त्यो अपेक्षा नगरेको बताए। ज्ञवालीले थपे, 'राष्ट्रियसभाको सीट उहाँहरुलाई पुगेको छैन, भागबन्डा गर्दै हुनुहुन्छ। हामीले हाम्रो तरिकाले तयारी गर्दैछौं ।'तर, एमाले राष्ट्रियसभाको निर्वाचनलाई उपयोग गरेर गठबन्धन भत्काउन चाहन्छ । एमालेका सचेतक महेश बर्तौलाले नेपाल प्रेससँग भनेका थिए, 'यो सरकार र गठबन्धन देश र जनताको हितको लागि भत्किनु आवश्यक छ। त्यसैले यो गठबन्धन फोड्न एमाले जे गर्न पनि तयार छ। त्यो देशको लागि हो ।'यसअघि एमालेले कांग्रेसलाई राष्ट्रपतिबाट मनोनीत हुनेसहित रिक्त २० मा १३ दिएर बाँकी ७ सीट आफूले लिन तयार रहेको प्रस्ताव गरेको थियो । तर, त्यो प्रस्तावमा कांग्रेस सभापति शेरबहादुर देउवाले सकारात्मक जवाफ दिएका थिएनन्।

एमालेबाट राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिना, मनोनीत विमला पौड्यालसहित भैरवसुन्दर श्रेष्ठ, नरपति लुवार, कुमार दसौंदी, दीपा गुरुङ, दिलकुमारी रावल थापा, ईन्दु कडरिया र रामचन्द्र राईको पदावधि सकिँदैछायो निर्वाचनमा गठबन्धन भत्काएर एक सीट पनि जित्न नसके राष्ट्रियसभामा एमाले ८ सीटमा खुम्चिनेछ । सत्ता गठबन्धन दलहरुबीच आफ्नो रिक्त भएको पद जोगाउँदै एमालेको ९ पदमा भागबन्डा गर्ने सहमति भइसकेको छ। यद्यपि, संख्या टुंग्याउन सकेका छैनन्।

आज बिहानमात्रै कांग्रेसले माओवादीसँग सीट बाँडफाँटको विषयमा छलफल गरेको थियो। आज बिहान भएको बैठकमा माओवादी केन्द्रबाट प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव वर्षमान पुन सहभागी थिए भने कांग्रेसबाट सभापति देउवा, उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा र नेता रमेश लेखक सहभागी थिए ।गठबन्धनका दुई ठूला दलबीच अन्य दलसँग पनि छलफल गरेर सीटको भागबन्डा टुंग्याउने सहमति बनेको छ । तर, प्रधानमन्त्री प्रचण्डले शान्ति प्रक्रियाको बाँकी कामसहित अहिले व्यवस्थामाथि प्रश्न उठिरहेको अवस्थामा सबैलाई समेटेर जानुपर्ने भन्दै एमालेलाई पनि साथमा लिएर जाने मनस्थिति बनाएका छन् ।उनले सोमबार मेलमिलाप दिवसको अवसरमा कांग्रेसले आयोजना गरेको कार्यक्रममा आफूले यसअघि पनि राष्ट्रिय सहमतिको प्रयास गरेको भन्दै शान्ति प्रक्रिया, संविधान कार्यान्वयन र विकासका चुनौतीको सामना गर्न सबैलाई आह्वान गरेका थिए।

# लुम्बिनी एक्सपो :

# प्रादेशिक पर्यटन गुरुयोजनाको खोजी




बुटवल, १७ पुस

लुम्बिनी प्रदेशमा विश्व शान्तिका अग्रदुत गौतमबुद्ध जन्मस्थल लुम्बिनीसहित दर्जनौं पर्यटकीय स्थल भएर पनि प्रादेशिक पर्यटन गुरुयोजना बनाएर काम नहुंदा पर्यटकको बसाई लम्ब्याउन र लाभ लिन नसकिएको सरोकारवालाको ठम्याई छ ।प्रादेशिक पर्यटन गुरुयोजना नहुंदा तीनै तहका सरकारको पर्यटन वजेट हचुवाको भरमा र छरिएर खर्च हुंदा अनुत्पादक भएको र अत्यावश्यक पर्यटन पुर्वाधार बन्न नसकेको सरोकारवालाहरुले औंल्याएका छन् ।रुपन्देही ब्यापार संघले बुटवलमा सञ्चालन गरेको लुम्बिनी एक्स्पो अन्तर्राष्ट्रिय ब्यापार मेलामा आयोजित पर्यटन प्रवर्द्धन विषयक अन्तरक्रियामा प्रादेशिक पर्यटन गुरुयोजना निर्माणलाई पहिलो प्राथमिकता दिनुपर्नेमा सरोकारवालाले जोड दिए।

प्रदेश पर्यटन विकास परिषदका प्रमुख रामु जोशीले प्रदेशको पञ्चवर्षिय योजनामा पर्यटन गुरुयोजना पनि समेट्ने तयारी भइरहेको बताए। मुलुक संघीय संरचनामा गएको धेरै लामो समय नभएकाले प्रदेश पर्यटन गुरुयोजना निर्माण नभएको भन्दै अब ढिलाई गर्न नहुने जोशीले बताए। उनले बुटवललाई पर्यटक विश्रामस्थल बनाउन बुटवल उपमहानगरपाकिलाले पर्यटन गुरुयोजना बनाउनुपर्ने सुझाए।'प्रदेशमा बुद्धजन्मस्थललुम्बिनीसहिततिलौराकोट, रामग्राम र देवदहदेखि रुकुमको सिस्ने हिमालसम्मका २ सय ८३ वटा पर्यटकीय गन्तव्य छन्'-जोशीले भने-'यी सबै स्थानमा पर्यटकीय पुर्वाधार बनाउने गरी गुरुयोजनामा समेट्ने सरकारको तयारी छ।'गुरुयोजनामा हरेक स्थानीय तहमा पर्यटन शाखा र पर्यटन विकास समिति गठनलाई अनिवार्य गरिने र पर्यटनमा हुने खर्चलाई एकीकृत लगानी गरेर छिटो प्रतिफल आउने गरी काम गर्नुपर्ने उनले बताए ।पर्यटकलाई आकर्षित गरी बसाई लम्ब्याउन सुविधायुक्त फराकिलो पार्किङस्थल र पर्यटक बस चाहिने जोशीले सुझाए। बेलहिया नाकाबाट आउने पर्यटक सिधै पोखरा जाने परिपाटी रोकेर बुटवलमा बास बस्ने वातावरण बनाउन होटेल र पर्यटन व्यवसायीले खानाका परिकारमा बुटवलको छुट्टै रैथाने ब्राण्ड सहित स्थानीय टुर प्याकेज बनाउनुपर्ने जोशीले सुझाए।

उनले सामुदायिक वनहरुमा जंगल वाक,नेचर वाक,हाइकिङ,ट्र हाउस,चरा संरक्षण, पोखरी निर्माण लगायतका गतिविधि गरेर पनि पर्यटकको बसाई लम्ब्याउन सकिने बताए। जिल्ला वा प्रदेशभित्रका विद्यालय,सहकारीहरुले पहिले प्रदेशभित्रकै पर्यटकीय स्थल घुम्नुपर्ने गरी गुरुयोजना र नीति बनाउनुपर्नेऔंल्याए।बैंकतथाव्यवसायिक संघसंस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च हुने रकम बुटवलको शहरी सौन्दर्यीकरण, सरसफाई र वातावरण संरक्षणमा खर्च गरे त्यसले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने जोशीले बताए।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमान स्थल भैरहवाका महाप्रबन्धक हंसराज पाण्डेले पर्यटकीय विकासको लागि हवाइ यातायात मात्र नभइ स्थल मार्ग पनि सहज र सुगम हुनुपर्ने बताए। 'अन्य देशमा विमानस्थलदेखि मुख्य शहरसम्म सटल बस सेवा हुन्छन् । कमसेकम सटल एक्सप्रेस नभएपनि सेड्युल बस सेवा हुनसक्छ।' उनले भने 'बुटवलको मुख्य ठाउँदेखि एयरपोर्टसम्म बस सेवा दिनुस्। विमानस्थलले के सहकार्य गर्नुपर्छ गर्छ।'

पाण्डेले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमास्थलप्रति विदेशी विमान कम्पनीहरुले चासो दिइरहेको भन्दै उनीहरुले अध्ययन गरिरहेकाले ढिलोचाँडो भैरहवाबाट अन्तर्राष्ट्रिय उडान हुने विश्वास व्यक्त गरे ।नेपाल चेम्बर अफ कमर्श लुम्बिनीका अध्यक्ष टंक पोखरेलले पर्यटन प्रवर्द्धन सम्बन्धी बहस धेरै भएकाले अब ठोस कार्यक्रमका साथ अघि बढ्नुपर्ने उल्लेख गरे ।मणिमुकुन्द सेन उद्यानका अध्यक्ष माधव नेपालले तिनाउ नदीमा जलाशययुक्त ड्याम बनाएर बाह्रैमास पानी बग्ने बनाई डुंगा शयर र जल पर्यटनको विकास गर्नुपर्ने बताए। उनले अंग्रेज फौजलाई नेपाली फौजले हराएको ऐतिहासिक जितगढी किल्लामा नेपाल-अंग्रेज युद्धको झल्को दिने यद्ध संग्रहालय बनाउने र यसलाई अन्तर्राष्ट्रियकरण गरी पर्यटक भित्राउन गुरुयोजना बनाउनुपर्ने सुझाए।

'चिडियाखोलादेखि दक्षिणमा मगरघाटसम्म जलाशययुक्त ड्याम बनाउने र नदीको दुबैतर्फ पक्की सडक बनाई जल पर्यटनको विकास गर्ने हो भने यहां पर्यटकलाई आकर्षित गरी भुलाउन सकिन्छ'-नेपालले भने-'जल पर्यटनसंगै जितगढीमा यद्ध संग्रहालय पनि बनाउनुपर्छ।'पर्यटनविज्ञ बलबहादुर आचार्यले प्रदेशको पर्यटन गुरुयोजना बनाएर मात्र पर्यटन पुर्वाधारमा लगानी गर्नुपर्ने बताए। योजनाविनाको कनिका छराई लगानीले पर्यटकमैत्री पुर्वाधार बनाउन नसकिने भएकाले गुरुयोजना अनुसार विविधतायुक्त र विशिष्टीकृत सेवा पर्यटकलाई पस्कन सक्नुपर्ने बताए।

उद्योग बाणिज्य संघ बुटवलका उद्योग उपाध्यक्ष सुरज भट्टराईले जितगढी किल्लामा सन्ध्या आरती, सैनिक परेड, जातीय सांस्कृतिक नाच पर्यटकलाई देखाउन सके पर्यटक आकर्षित हुने बताए ।रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्ण पराजुलीले पर्यटकले चाहे जति रकम ल्याउन दिए मात्रै पर्यटन व्यवसायबाट लाभ लिन सकिनेमा सरकारी नीति वाधक भएको औंल्याए । उनले पुरानो बुटवल बजारलाई पुरानै शैलीमा पुनःनिर्माण गर्नसके पर्यटकका लागि आकर्षक गन्तव्य हुने सुझाए ।लुम्बिनी होटल व्यवसायी संघका महासचिव पुरुषोत्तम अर्यालले पर्यटन गुरुयोजना र टुर प्याकेज नहुंदा लुम्बिनी आउने ७० प्रतिशत पर्यटक बास नबसी फर्कने गरेको बताए।

'पर्यटन गुरुयोजना नबन्दा पर्यटकको बसाई लम्ब्याउन सकिएको छैन'-उनले भने-'पर्यटकलाई जबरजस्ती बसाल्न खोजेर मात्रै बस्दैनन् यहां अनुदानमा पर्यटक बस समेत चल्न सकेका छैनन्,सरकारी नीति नै बाधक छ।'बरिष्ठ पत्रकार डिआर घिमिरे, पत्रकार महासंघ रुपन्देहीका सल्लाकार दिनेश पाण्डे, नेपाल पार्क महासंघका अध्यक्ष खेम लुइटेलले डा. सागर न्यौपाने बलबहादुर आचार्यलगायतले यातायातको ट्रान्जिट प्वाइन्ट बुटवल पर्यटनको पनि ट्रान्जिट हब बन्न सक्ने प्रसस्त आधारहरु रहेको उल्लेख गरेका थिए ।रुपन्देही ब्यापार संघका अध्यक्ष कृष्णप्रसाद घिमरे,पुर्व अध्यक्ष मोतिलाल पाण्डे,मोतिराज ज्ञवाली,व्यवसायी दिवाकर घिमिरे लगायतले लुम्बिनी एक्स्पो ब्यापार मेला मात्र नभई पर्यटन प्रवर्द्धन गर्ने माध्यम पनि भएको हुंदा पर्यटनका सम्भावना र चुनौति पहिचान गर्न पर्यटन अन्तरक्रिया गरिएको बताए।

# सम्पादकीय

## दिवस नजुधाऔं


'यो टोपी दिवस मनाउने चलन कहिले आको हो ? फेरि एकथरिले टोपी दिवस मनाए भनेर यो जाडोमा पहाडमा अर्कोले धोती दिवस किन मनाएको ? कमसेकम तिथि र मौसम मिलाएको भए मधेशदेखि पहाडसम्म हामी सबैले धोती दिवस मनाउँथ्यौं । पहाडेलाई पनि धार्मिक कार्यमा धोती नभई हुँदैन । अलि गहन एजेण्डामा काम गरौं न ।' - डा. गोबिन्दराज पोखेल

अंग्रेजी नयाँ वर्षकै दिन पारेर टोपी दिवस मनाउन थालेको विषय टाई सुटले नेपाली पहिरनमा अतिक्रमण गरेको विरुद्धमा केही युवाले थालेछन् ०४८ सालपछि दौरा, सुरवाल र टोपीलाई राष्ट्रिय पोषाकबाट हटाएको पाएर । ०८० सालसम्म आईपुग्दा दशौं वर्ष पार गरेर एघार वर्ष लागेछ टोपी दिवस मनाउन थालेको । यही सालमा जनमत पार्टीका नेता डा. सिके रावतको समूहले धोती दिवस मनाउने भनेर काठमाण्डौमा प्रदर्शन गऱ्यो । त्यो प्रदर्शनप्रति हाम्रो समर्थन छ र माइतीघर मण्डलाको निषेधित क्षेत्र तोड्ने प्रयासलाई पनि निरर्थक भन्न सकिन्न । अनि सरकारकै मन्त्री र सांसदहरु सामेल भएर निषेधित क्षेत्र तोडेर प्रदर्शन गरेपछि चर्चा हुन्छ र मिडियाले पनि मसला पाउँछ भनेर जे गरियो त्यसमा पनि विमति जनाउन खोजेको हैन, छैन । मात्र भन्न खोजेकोचाहिँ के हो भने टोपी दिवसकै दिन पारेर धोती दिवस नमनाऔं । दोश्रो वा तेश्रो दिन अथवा अरु नै कुनै दिन मनाए पहाडी समुदायले पनि साथ दिन मिल्छ । कुनै पनि दिवसलाई दोस्ती भन्दा दुश्मनीको प्रतीक बनाउनु राम्रो मानिन्न । धोती दिवसका दिन पहाडी समुदायले अर्को दिवस भन्दै निहुँ झिके त्यो पनि सहिन्न ।

धोती दिवसका बारेमा कसैको पनि विमति हुँदैन । पहाडका सबैले प्रयोग गर्छन् धोती, कछाड र गम्छा । अन्यथा मान्न पर्ने विषय नै होइन यो । हरेक जाति जनजाति र भाषा भाषीको आफ्नै मौलिक पहिरन छ । ती सबै राष्ट्रिय पोषाक हुन् र उनीहरुले प्रयोग गर्ने भाषा पनि राष्ट्रिय भाषा हो । कोही थोरै संख्यामा होलान्, कोही धेरै । मातृभाषा र आफ्नो पहिरन एवं पहिचानप्रति जसलाई पनि गर्व लाग्छ नै । नेपालीहरु हिमाल, पहाड र तराई जहाँ बसे पनि मिलेर बसेकै थियौं हिजोसम्म । आज दलीय राजनीतिको रोटी सेक्न पर्दा जात, भाषा, भेष, धर्म र संस्कृति, भूगोलका कुरा उठाएर विभाजन खडा गर्नु कति शोभनीय होला ? हामीले जे सोचेका थियौं, त्यही विचार डा. गोविन्दराज पोखेलले टिप्पणीमा लेखेको पाएर यहाँ पस्किने मौका मिलेको हो । पोखेलको जस्तो विचार हामी सबैको छ । त्यस्तै विचार डा. रावत र उनको पार्टीको पनि होस् । हामी सबै मिलेर धोती दिवस मनाउने दिनको सुरुवात गरियोस् । टोपी दिवसकै दिन नपारियोस्, नजुधाइयोस् ।

दिवसमा पनि अवरोध, वर्णभेद नभनियोस् । पहाडी मूलका र मधेशी समुदायका बीचमा विभाजन खडा गर्ने निहुँ नखोजियोस् । राजनीति जस्तो गरे पनि समाज मिलेर बसेको छ । आपसी सद्भाव र सोहार्द्रता खल्बल्याउने काम नगरियोस् । आग्रहका रुपमा बुझियोस् ।


# राष्ट्रिय सभा चुनावबारे बहस



अग्रलेख

● ऋतिक यादव

जनताले स्वीकार नगरेका वा अपरिपक्व ठानेका व्यक्तिलाई राजनीतिक शक्ति र गणितको बलमा राष्ट्रिय सभामा लैजानु अराजनीतिक अभ्यास हो




जनताले स्वीकार नगरेका वा अपरिपक्व ठानेका व्यक्तिलाई राजनीतिक शक्ति र गणितको बलमा राष्ट्रिय सभामा लैजानु अराजनीतिक अभ्यास हो

यही ११ माघमा राष्ट्रिय सभामा रिक्त हुने १९ पदमा निर्वाचन गर्ने गरी निर्वाचन आयोगले कार्यतालिका सार्वजनिक गरेसँगै राजनीतिक दलहरू त्यसको तयारीमा जुटेका छन्। २२ पुसमा मनोनयन हुने उक्त निर्वाचनमा भाग लिन संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीबाहेक १२ दलले आयोगमा निवेदन दिएका छन्। यससँगै अबका राष्ट्रिय सभा सदस्य कस्ता हुनुपर्छ, संविधानको मनसाय के हो, आदर्श कानुन तर्जुमा तथा संघीयता कार्यान्वयनको सहजीकरणका खातिर कस्ता पात्र राष्ट्रिय सभा सदस्य पदमा पठाउनु उपयुक्त हुन्छन् लगायत अनेक यक्ष प्रश्नमाथि केन्द्रित भई राजनीतिक तथा कानुनी वृत्तमा छलफल चलिरहेको देखिन्छ।

यसै विषयको सेरोफेरोमा केन्द्रित रहेर यस आलेखमा विभिन्न पक्षमा विचार-विमर्श गर्ने प्रयत्न गरिनेछ।जनताको सार्वभौमसत्ता प्रयोग गर्ने महत्वपूर्ण संस्थाका रूपमा रहेको व्यवस्थापिका वा संसद् कानुन निर्माण गर्ने सर्वोच्च निकाय हो, जसले आफ्नो सम्प्रभु शक्तिबाट विधायन निःसृत गर्छ। विभिन्न मुलुकअनुसार व्यवस्थापिका कतै एक सदनात्मक, कतै दुई सदनात्मक, कतै तीन सदनात्ममक त कतै बहुसदनात्मक पनि रहेको पाइन्छ।

एक सदनात्मक व्यवस्था अंगीकार गरेका राष्ट्रहरू बंगलादेश, डेनमार्क, इजिप्ट, टर्की, स्विडेनजस्ता मुलुक हुन् भने दुई सदनात्मक व्यवस्था अपनाएका राष्ट्रहरू जर्मनी, भारत, अमेरिका, नेपाल, पाकिस्तानलगायत हुन्। दक्षिण अफ्रिकाको सदन तीन सदनात्मक हो। नेपालको भने केन्द्रमा दुई सदनात्मक व्यवस्था भए पनि प्रदेश र स्थानीय तहमातहतका व्यवस्थापिका भने एक सदनात्मक रहने व्यवस्था छ।

राष्ट्रिय सभाबारे व्यवस्था : नेपालमा दुई सदनात्मक व्यवस्थापिकाको अभ्यास नौलो होइन। वि.सं. ०१६ को पहिलो आमनिर्वाचन र ०४६ मा पुनः स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका दुवै कालखण्डमा दुई सदनात्मक संसदीय व्यवस्था अभ्यासमा रहेका थिए। ०६२/६३ को जनआन्दोलनबाट पुनः स्थापित प्रतिनिधिसभा, अन्तरिम व्यवस्थापिका-संसद्, दुईवटै संविधानसभा र धारा २९६ बमोजिम संविधानसभाबाट रूपान्तरित संसद् भने एक सदनात्मक थियो ।

तत्पश्चात् ०७२ मा संविधान जारी भएपछि पहिलोपटक ०७४ माघमा राष्ट्रिय सभा गठन भयो। संवैधानिक व्यवस्थाबमोजिम प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एक दलित र एक अपांगता भएका वा अल्पसंख्यकबाट प्रतिनिधित्व हुने गरी ५६ जनाको एकैसाथ निर्वाचन भयो । त्यसैगरी, एक महिलासहित तीनजना मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन भए। पहिलोपल्ट गठन गर्दा ५९ जना सदस्यमा गोलाप्रथाद्वारा एकतिहाइ सदस्यको कार्यकाल ६ वर्ष, अर्को एकतिहाइको चार र बाँकी एकतिहाइको दुई वर्षको कार्यकाल तोकिएको थियो। ०७४ सालमा गठन हुँदा गोलाप्रथाबाट ६ वर्षको कार्यकाल पूरा भएर आगामी २० फागुनमा एकतिहाइ सांसदको पद रिक्त हुँदै छ।

पटक-पटक मन्त्री भइसकेका तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएका अनुहारलाई पुनः अवसर दिनुभन्दा

**पटक-पटक मन्त्री भइसकेका तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएका अनुहारलाई पुनः अवसर दिनुभन्दा विज्ञ, सामाजिक तथा प्राज्ञिक व्यक्तित्व, पूर्वन्यायाधीश, पूर्वप्रशासकलगायत सक्षम र अनुभवी व्यक्तित्वलाई यसपटक राष्ट्रिय सभामा ल्याएर राजनीतिक दलहरुले उदाहरण पेस गर्न सक्नुपर्छ ।**

विज्ञ, सामाजिक तथा प्राज्ञिक व्यक्तित्व, पूर्वन्यायाधीश, पूर्वप्रशासकलगायत सक्षम र अनुभवी व्यक्तित्वलाई यसपटक राष्ट्रिय सभामा ल्याएर राजनीतिक दलहरूले उदाहरण पेस गर्न सक्नुपर्छ

राष्ट्रिसभा निर्वाचन ऐन, ०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिनअगावै निर्वाचन गर्नुपर्ने प्रावधान भएकाले आगामी २० फागुनमा रिक्त हुने एकतिहाइ सदस्यको निर्वाचन यही ११ माघमा हुन लागेको हो। २० फागुनमा रिक्त हुने एकतिहाइ सदस्यमध्ये १९ जना निर्वाचनबाट र एकजना राष्ट्रपतिबाट मनोनयन हुनुपर्ने अवस्था छ।

प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, नगरपालिकाका प्रमुख/उपप्रमुख भएको निर्वाचन मण्डलको फरक-फरक मतभारका आधारमा राष्ट्रिय सभा सदस्य निर्वाचित हुने व्यवस्था छ। आयोगले ०७८ को जनगणनाको प्रतिवेदनअनुसार प्रदेश सभाका सांसदको मतभार ५३ र पालिकाका प्रमुख/उपप्रमुखको मतभार १९ तोकेको छ।

**संवैधानिक उद्देश्य** :

नेपालको संविधानको धारा २७३ (८) मा लेखिएको छ, 'प्रतिनिधिसभा विघटन भएको अवस्थामा संघीय संसद्ले प्रयोग गर्ने अधिकार राष्ट्रिय सभाले प्रयोग गर्नेछ। अर्थात्, राष्ट्रिय सभा अविच्छिन्न प्रवृत्तिको र कहिल्यै रिक्त नहुने स्थायी सभा हो। यसबाट राष्ट्रिय सभाको व्यवस्थापकीय पक्षमा हुने विशेष तथा महत्वपूर्ण औचित्य सिद्ध हुन्छ।

संविधानले राष्ट्रिय सभालाई संघ, प्रदेश र स्थानीय तहको संयोजित अवयवका रूपमा परिकल्पना गरेको छ।

संविधानका मूलभूत उद्देश्य राष्ट्रिय सभाले संघसँग प्रदेश र स्थानीय तहको समन्वय गराओस् भन्ने हो। त्यस्तै, प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशल र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्न राष्ट्रिय सभा गठन गरिएको देखिन्छ। जसका कारण, प्रदेश र स्थानीय तहले भोगिरहेका समस्याका सवालमा बहस गरेर संघीयता कार्यान्वयनको उद्देश्य प्राप्त गर्ने सैद्धान्तिक उद्देश्यसमेत राष्ट्रिय सभाको हुनुपर्ने देखिन्छ।

संविधानको धारा ८७(१) (ख) मा प्रतिनिधिसभाको सदस्य हुनका लागि पच्चीस वर्षको उमेर पूरा गरेको हुनुपर्ने योग्यता राखेकामा राष्ट्रिय सभाको सदस्य हुन पैंतीस वर्षको हुनुपर्ने बाध्यात्मक प्रावधान राखिएको छ। यसको उद्देश्य राष्ट्रिय सभा परिपक्व, दिग्गज, बौद्धिक, खारिएका, जनताले रुचाउने व्यक्ति र विज्ञ व्यक्ति सामेल हुने थलो होस् भन्ने हो।

संविधानको धारा १११ (५) अनुसार अर्थबाहेक अन्य विधेयक प्रतिनिधिसभाले पारित गरी राष्ट्रिय सभामा पठाउनुपर्छ। त्यहाँ यो दुई महिनाभित्र पास हुनुपर्छ। विश्वव्यापी प्रचलित मान्यताअनुरूप अर्थ विधेयकमा राष्ट्रिय सभाले सुझाब मात्र दिन सक्छ। प्रतिनिधिसभामा संख्या ठूलो भए पनि प्रतिनिधिसभामा थुप्रै त्रुटि, भूल वा अपरिपक्वता हुन सक्छन् भनी राष्ट्रिय सभाको प्रावधान राखिएको देखिन्छ। यसरी कानुन तर्जुमाको प्रक्रियामा प्रतिनिधिसभाबाट हुने त्रुटिलाई राष्ट्रिय सभाले परिपक्व पार्ने र जनअपेक्षाअनुसार कानुन तर्जुमा हुनुपर्ने संवैधानिक अपेक्षा हुनुपर्छ।

धारा ८६(२) अनुसार ५९ सदस्यीय राष्ट्रिय सभामा प्रदेश सभाका सदस्य, गाउँपालिकाका हकमा अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका हकमा मेयर/उपमेयरबाट ५६ जना सदस्य निर्वाचित हुन्छन्। त्यसमा हरेक प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित र एक अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठजना छानिन्छन्। त्यसैगरी, कम्तीमा एकजना महिला हुने गरी तीनजना राष्ट्रपतिबाट मनोनीत हुन्छन्। यसरी सीमान्तकृत, लोपोन्मुख तथा विभेदित समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभाको निर्णायक भूमिका रहन्छ। राष्ट्रिय सभा सदस्यहरू राष्ट्रव्यापी जनप्रतिनिधिका समावेशी प्रतिनिधि भई राष्ट्रिय विविधतालाई झल्काउने सभा हुनुपर्ने संविधानको मकसद रहेको देखिन्छ।

**तितो विगत** :

दुःखका साथ भन्नुपर्छ- पछिल्लो समय संवैधानिक मनसायविपरीत राष्ट्रिय सभा प्रमुख दलहरूको केवल राजनीतिक स्वार्थ अनुमोदन गराउने सभाको स्वरूपमा परिणत भएको छ। प्रतिनिधिसभामा पराजित व्यक्तिलाई अनेक हतकण्डा प्रयोग गरेर माथिल्लो सदनमा लैजाने र हरूवाहरूको सफल अवतरण गराउने माध्यमका रूपमा राष्ट्रिय सभाको प्रयोग हुन थालेको तथ्यलाई पुष्टि गर्ने थुप्रै दृष्टान्त छन्। यसले संसदीय गरिमाको उपहास मात्र भएको छैन, संविधानको भावनाप्रतिकूल क्रियाकर्मले संविधानकै घोर दुत्कार गरेको छ। जनताले स्वीकार नगरेका वा अपरिपक्व ठानेका व्यक्तिलाई बलजफ्ती त्यहाँ राजनीतिक शक्तिको भरमा लैजानु अराजनीतिक अभ्यासको पराकाष्ठा हो।

संसद्को माथिल्लो सदन राष्ट्रिय सभाको परिकल्पना र संसारभरिको अभ्यास हेर्ने हो भने यसमा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका लब्ध प्रतिष्ठहरूको पर्याप्त प्रतिनिधित्व हुनुपर्नेमा हाम्रो राष्ट्रिय सभाको संरचनामा राष्ट्रिय जनजीवनसँग जोडिएका प्रबुद्ध नागरिकको ठाउँमा केवल पार्टी नेता वा राजनीतिकर्मीको वर्चस्व छ। के संविधानले यस्तै राष्ट्रिय सभाको परिकल्पना गरेको हो त ? यस प्रश्नमा गम्भीर समीक्षा गरिनु जरुरी भइसकेको छ।

अन्त्यमा, आगामी ११ माघमा हुन लागेको १९ सदस्य पदको चुनावमार्फत राष्ट्रिय सभाको संरचना, कार्यशैली र चरित्र सुधार गर्ने अवसर राजनीतिक दलहरूलाई छ।

राष्ट्रिय सभा हिजोजस्तो थियो, अब पनि त्यस्तै भूमिकामा सीमित रहने हो भने यो सुशासन तथा राजनीतिक नैतिकताको धज्जी उडाउने अभ्यास हुन जान्छ। पटक-पटक मन्त्री भइसकेका तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएका अनुहारलाई पुनः अवसर दिनुभन्दा विज्ञ, सामाजिक तथा प्राज्ञिक व्यक्तित्व, पूर्वन्यायाधीश, पूर्वप्रशासकलगायत सक्षम र अनुभवी व्यक्तित्वलाई यसपटक राष्ट्रिय सभामा ल्याएर राजनीतिक दलहरूले उदाहरण पेस गर्न सक्नुपर्छ। अब विगतको तितो अनुभवहरूको गम्भीर समीक्षा गरी परिष्कृत र परिमार्जित रूपमा प्रस्तुत भएमा मात्र राष्ट्रिय सभाको गरिमा, महत्व र वजन बढ्नेछ।

*(यादव काठमाडौं स्कुल अफ लमा अध्ययनरत छन्)* -नयाँ पत्रिका

# मृतक विद्यार्थीका परिवारलाई क्षेतीपूर्ति दिने सहमति

दाङ १७ पुस

दाङको तुलसीपुरमा बसको ठक्करबाट बालकको मृत्यु भएपछि तनावग्रस्त बनेको घोराही-तुलसीपुर सडकखण्ड खुलेको छ ।तुलसीपुरबाट घोराही तर्फ जाँदै गरेको भे १ ख ३६९७ नम्बरको यात्रु बहाक बसले हिजो सोमबार दिउँसो ४ बजेको समयामा ठक्कर दिदा तुलसीपुर १७ का अन्दाजी ५/७ वर्षीय सागर चौधरीको घटना स्थलमै मृत्यु भएको थियो । घटनापछी मृतकका आफन्तले सडक चक्काजाम गर्नुका साथै ठक्कर दिने बस र प्रहरीको गाडी समेत तोडफोड गरेका थिए ।

विद्यार्थीका अभिभावकहरु नाराबाजीसहित विरोध गरेका थिए । मृतक परिवारलाई नियमानुसार क्षतीपुर्ती दिने सहमतीमा गयराती १२ बजेदेखी सडक खुलाइएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक नवचन्द्र मल्लले जानकारी दिएका छन् । मृतक बालक जनकल्यान मावि दुधरासमा कक्षा ३ मा अध्यनरत रहेको प्रहरीले जनाएको छ ।

कृष्णनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

फोन न. ०७६५२०१४७

यास्क न.:९७७७६५२०६८४

पत्र सङ्ख्य :

चलानी नं. :

मितिः२०८०।०९।१८

बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्णनगर नगरपालिकाको दशौ नगर सभा आ.व.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विभिन्न कार्यको लागि मिति २०८०।०७।१९ मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | **Contract Number:** KNM/NCB/GOODS-04/2080/081 Procurement of 25 KVA transformer and transportation up to specified location) | Nepal Ekarat Engineering Company Private Limited Jaycees Marga,Thapathali info@neektransformer.com phone: 014243436 | ३५,५९,५००/- | |
| २ | **Contract Number:** KNM/NCB/GOODS-04/2080/081 Supply of submersible and other accessories with installation | Narayan Gopal Engineering Construction and Suppliers Runtigadi-06,Rolpa phone: 9854065444 | ३०,४७,४४०/- | |
| ३ | **Contract Number:** KNM/NCB/WORKS/BLD-02/080/081 Construction of Pump House (Lohraula, Karma, Derwa, Motipur, Jharuwa, Ramwapur | Awadh Engineering and Construction Services Maharajgunj Municipality-01, Kapilvastu awadh. kapilvastu@gmail.com phone: 9854065444 | २६,७२,२३६/३७ | |

रमेश गौतम

प्रमुख प्रशासकीय अधिकृत

कृष्णनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

फोन न. ०७६५२०१४७

यास्क न.:९७७७६५२०६८४

पत्र सङ्ख्य :

चलानी नं. :

मितिः२०८०।०९।१७

बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्णनगर नगरपालिकाको दशौ नगर सभा आ.व.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत कृष्णनगर नगरपालिकाको वडा नं.११ बसन्तपुर स्वास्थ्य चौकीको बाउन्ड्रीवाल गेट तथा विद्युतीकरण कार्यको लागि मिति २०८०।०८।१८ मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित Basantpur Swasthy chaukiko boundarywall gate tatha vidhyutikaran सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | **Contract Number:** KNM/SQ/WORKS/BLD-01/080/081Construction of Pump House Basantpur Swasthy chaukiko boundarywall gate tatha vidhyutikaran | Awadh Engineering and Construction Services Maharajgunj Municipality-01, Kapilvastu awadh. kapilvastu@gmail.com phone: 9854065444 | ८,७२,११४/२३ | |

रमेश गौतम

प्रमुख प्रशासकीय अधिकृत

# कस्मिक सहकारीको १८ औं साधारण सभा

**सुशील गैरे**

कपिलवस्तु १७ पुस



बुद्धभूमी नगरपालिका वडा नं. २ गोरुसिंगे स्थित कस्मिक बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १८ औं बार्षिक साधारण सभा सम्पन्न गरेको छ। बडहराममा आयोजित कार्यक्रममा सहकारीले यस क्षेत्रका युवा समुदायलाई स्वरोजगार र व्यवसायी बनाउन सहकारी स्थापना गरि अघि बढेको जनाएको छ।

साधारण सभामा बोल्दै संस्थाका अध्यक्ष मुकुन्द पौडेलले युवाहरुको सहकारी नगरपालिकाकै उत्कृष्ठ बनाउन लागिपर्ने बताउनुभयो । यस क्षेत्रमा सहकारी मर्ज गर्नुपर्ने अवस्थामा कस्मिक सहकारी सबै भन्दा अग्रसर भएर लाग्ने साधारण सभामा पौडेलले जानकारी दिनुभयो।

अधिवेशन उदघाटन शत्रका प्रमुख अतिथी तथा बुद्धभूमी नगरपालिका उधोग तथा सहकारी शाखा प्रमुख विजय भुसालले कस्मिक बचत तथा ऋण सहकारी वास्तविक रुपमा युवाहरुमा बचत तथा उद्यम गर्ने पक्षधरता सहकारी रहेको जिकिर गर्नुभयो।

युवा तथा नगर क्षेत्रको आर्थिक सम्वृद्धिका लागि काम गर्ने साझा सहकारी भएको बताउनुभएको छ । च्याउ सरि खुलेका अधिकांश सहकारीको निक्षेप लगानी तथा अन्य विभिन्न विषय जोखिमयुक्त देखिदै आएको भन्दै कस्मिकले अवलम्बन गरेको आधुनिकीकरण निति राम्रो भएको टिप्पणी गर्नुभयो । बुद्धभूमीका हरेक वडामा करोड बढिको पुजी भएको सहकारी भएमा मात्र यसले वास्तविक रुपमा गरिबी निवारणका लागि भूमिका खेल्ने भन्दै साना पूजीका सहकारी मर्ज गरि कम्प्यूटराईज सिस्टममा जान आग्रह गर्नुभयो।

कस्मिक बचत तथा ऋण सहकारी संस्थाको आठा साधारणसभामा बोल्दै वडा नं. २ का वडा सदस्य शंकर बहादुर विष्टले युवाहरु अब उद्यम तथा व्यवसाय तर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो । सानो लगानीले पनि भविष्य सुनिश्चित बन्न सक्ने भन्दै त्यस्ता पौरखी युवाहरुको लागि कस्मिक जस्ता सहकारी मुख्य मार्गदर्शक बन्नेमा आफुहरु विश्वस्त रहेको जिकिर गर्नुभयो । कार्यक्रममा कोषाध्यक्ष राम प्रसाद भुसाल तथा लेखा समिति सदस्य नारायण श्रेष्ठले प्रतिवेदन पेश गर्नुभएको थियो भने सचिव सुमन कुमार प्रधानले कार्यक्रम संचालन गर्नुभएको थियो।

**Invitation for Bids**

**Shree Jana Jagriti Secondary School**

Contract Identification No.: 01/JAJA/W/B/2080/081

**School Building Construction Works**

Date of publication: 03-01-2024 (2080-09-18)

1. Shree Jana Jagriti Secondary School, Bhumikasthan Municipality, Ward No.10, Dhanchaur, Arghakhanchi invites electronic bids from eligible bidders for the construction of **School Building Construction Works** under National Competitive Bidding - Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs. 3000/-** as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: **Shree Jana Jagriti Secondary School**
   - Office Account no: 2587088273200018
   - Account Name : Internal Revenue.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02-02-2024 13:00 hours at the Shree Jana Jagriti Secondary School, Bhumikasthan Municipality, Ward No.10, Dhanchaur, Arghakhanchi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs. 2,50,000/-** which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: **Shree Jana Jagriti Secondary School**
   - Office Account no: 2587088273200018
   - Account Name : Dharouti Account.
5. Pre-bid meeting shall be held at Shree Jana Jagriti Secondary School, Bhumikasthan Municipality, Ward No.10, Dhanchaur, Arghakhanchi. Lumbini Province, Nepal at 22-01-2024 13:00 hours.
6. Electronic bids must be submitted to the office of Shree Jana Jagriti Secondary School, Bhumikasthan Municipality, Ward No.10, Dhanchaur, Arghakhanchi. Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 02-02-2024 12:00 PM. Bids received after this deadline will be rejected.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

रूख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

खानेपानीका मुहानहरू सफा राखौं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

पानी उमालेर पिउने गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरू समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

पशुपंक्षीहरुलाई दाना,पानी दिने भाँडा नियमित रुपमा सफा गरौं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,परिचम नवलपरासी

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# बाल सुधार गृहबाट भागेका १४ जना अझै सम्पर्क विहीन

बाँके १७ पुस

बाँकेको नौवस्तास्थित बाल सुधार गृहबाट फरार रहेका मध्ये एक जना (बालबिज्याईकर्ता) सम्पर्कमा आएका छन् ।

इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी नायव उपरीक्षक सुन्दर तिवारीका अनुसार अझै १४ जना भने सम्पर्कविहीन नै छन् । उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । मङ्गलबार पनि सुरक्षा व्यवस्था प्रभावकारी बनाइएको र सुधार गृहको अवस्था सामान्य रहेको डिएसपी तिवारीले बताउनुभयो ।

यसअघि नेपालगन्ज र अन्य बाल सुधारगृहबाट तनाव सिर्जना भएपछि फरार रहेका अधिकांश आफैँ सम्पर्कमा आएकाले नौवस्ताबाट फरार भएकाहरू पनि गृहमै फिर्ता हुने प्रहरीको अनुमान छ।




बाल सुधार गृहमा १८ वर्षभन्दा कम उमेरकालाई मात्रै राख्नुपर्नेमा १८ वर्ष उमेर पुरा भइसकेकाहरू समेत रहेकाले आपसी विवाद बढेको हो ।

नौवस्ता बाल सुधार गृहमा चलेको आपसी विवाद सुरक्षा सहित वार्तामा सोमबार राती समाधान भएको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेलले जानकारी दिनुभयो ।

नौवस्तामा एक सय १६ बालबिज्याईकर्ता छन् । यसअघि बाँकेको हिरमिनियामा रहेको बाल सुधार गृहमा आपसी झडपमा एक जना बालबिज्याईकर्ताको निधन समेत भएको थियो ।

# सुजनको शव आएसंगै जिल्ला शोकमा डुब्यो

सुर्खेत, १७ पुस

गएको शुक्रवार काठमाडौस्थित बालकुमारीमा प्रहरीको झडपको क्रममा मारिएका सुजन रावतको शव मंगलबार दैलेख पुगेपछि यतिबेला जिल्ला शोकमा डुबेको छ ।

कोरियन भाषा परीक्षाका लागि आवेदन दिन काठमाडौं पुगेका दैलेखका २३ वर्षीय रावतको शव बाकसमा फर्किएपछि उनका परिवार तथा आफन्तजनहरु शेकमा छन् ।युवाहरूले ईपीएस शाखा कार्यालय बालकुमारी नजिकै भएको आन्दोलनमा ज्यान गुमाएका सुजनको शव नेपाली सेनाको हेलिकोप्टरमार्फत दैलेख पुऱ्याइएको हो ।

सेनाको हेलिकोप्टर सुजनको शवको पुऱ्याइना साथ उनका आफन्तहरू भक्कानिए ।



श्रीमान् गुमाएको वर्ष दिनमै छोरा गुमाउँदा भावविह्वल बनेकी नन्दा कटुवाल (रावत) छोराको शव देख्नासाथ सम्हालिन गाह्रो भयो । उनलाई आफन्तहरूले सान्त्वना दिने प्रयास गरिरहेका देखिन्थे ।बुवा बितेपछि आमा, बहिनी र भाइको पालनपोषण गर्ने जिम्मेवारी बोकेका सुजनको मृत्युले आफन्तहरूमा सन्नाटा छाएको छ । श्रद्धाञ्जली दिन उपस्थित भएकाहरू पनि भक्कानिदै रोएका थिए ।गएको शुक्रवार बालकुमारीमा प्रहरीको झडपमा परी दुई युवाको ज्यान गएको विषयलाई लिएर कर्णालीमा युवाहरु प्रद्धर्शन गर्नुका साथै उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको पुत्ला जलाएका थिए । सरकार र पीडित पक्षबिच सहमति भएपछि आन्दोलनका कार्यक्रमहरु स्थगित गरिएको हो ।

# कोरीयाली रोजगारी संकटमा पर्न सक्ने






कपिलवस्तु १७ पुस

कोरियाको रोजगारीलाई लिएर उत्पन्न बबण्डरले कोरियामा समेत नेपालीले प्रदर्सन गरेपछी नेपालको अन्तर्राष्ट्रिय छविमा नै असर पर्ने खतरा पैदा भएको छ । साथै, कोरियाले अब यो विवादलाई कुन रुपमा सम्बोधन गर्छ भन्ने पनि चासोको विषय हो ।वैदेशिक रोजगारमा जाने नेपालीहरुका लागि कोरिया एउटा आकर्षक गन्तव्यका रुपमा रहेको छ । मलेसिया र खाडी मुलुकहरुभन्दा निकै राम्रो आम्दानी हुने भएकाले मध्यम वर्गीय युवाहरु कोरिया जान मरिहत्ते गर्छन् । तर, अहिलेको घटनाका कारण कोरियाको रोजगारीमाथि अनिश्चयका बादलहरु मडारिन थालेका छन् ।कोरिया जान कुनै मेनपावर, दलाल अथवा मध्यस्थकर्ता आवश्यक हुँदैन । कोरियाली सरकारले नेपालसहित १६ राष्ट्रहरुसँग रोजगार अनुमति प्रणाली 'ईपीएस' सम्झौता गरेको छ । ईपीएसमा कोरिया सरकारले प्रत्येक वर्ष आफ्ना उत्पादन, निर्माण, कृषि र पशु प्रजनन, सेवा र मत्स्यपालनका लागि कामदारहरुको कोटा जारी गर्छ । सोहीअनुसार कोरिया भाषा पास गरेर कामदारहरु कोरिया जान पाउँछन् ।

नेपाली युवाहरुको आन्दोलनका कारण कोरियासँग भएको ईपीएस सम्झौतामा असर पर्नसक्ने वैदेशिक रोजगार विज्ञ डा। गणेश गुरुङ बताउँछन् ।'कुनै पनि राष्ट्रले अहिलेको अवस्थामा आफ्नो देशमा कामदारहरु भित्र्याउँदा दुई पटक सोच्छ । देशमा द्वन्द्व उत्पन्न गर्ने राष्ट्र अथवा व्यक्तिलाई स्वीकार्दैन', उनले भने, 'त्यसमाथि कोरिया अनुशासन र नियमको कडा पालनामा विश्वास गर्ने राष्ट्र हो । कोरियाले कुनै एक राष्ट्रका लागि भनेर फरक निर्णय पनि गर्दैन ।'कुनै पनि राष्ट्रले आफ्नो देशको शान्ति र सुरक्षालाई प्राथमिकतामा राखेर नीति बनाउने उनको भनाइ छ डा। गुरुङ थप्छन्, 'कोरियाले पछिल्लो समय नेपाली कामदारहरुलाई सकारात्मक रुपमा हेरिरहेको थियो । नेपालसँग सम्बन्ध नराम्रो पनि छैन । तर, भर्खरै भएको बालकुमारीको घटनाले अन्तर्राष्ट्रिय जगतमा हाम्रो देशको छविमा प्रश्न खडा गर्छ । युवाहरु सडकमा उत्रिए, नेपालीहरुले मन्त्रीको गाडीमा आगो लगाए र युवाहरुको ज्यानसमेत गयो भन्ने कुराले प्रभाव पर्छ ।'

त्यसो त उच्च अदालतले दिएको पछिल्लो आदेश कार्यान्वयनका विषयमा पनि प्रश्नहरु उठिरहेका छन् । नेपालको अदालतको आदेशलाई स्वीकार गरेर कोरियाले सबैलाई आवेदन खुला गर्छ त भन्ने प्रश्नमा गुरुङले त्यस्तो सम्भावना नरहने बताए ।उनी भन्छन्, 'कोरियाली सरकारले आफ्नो सुरक्षालाई मध्यनजर गर्दै निर्णय गर्ने हो । उसका लागि पहिले आफ्नो सुरक्षा र शान्ति महत्वपूर्ण हुन्छ । नेपालको अदालतले के निर्णय गर्छ, त्यो उसको चासोको विषय होइन ।'शिप बिल्डिङको भाषा परीक्षामा अनुत्तीर्णहरुले म्यानुफ्याक्चरको भाषा परीक्षामा आवेदन दिन पाउनुपर्ने भन्दै गरेको आन्दोलनमा शुक्रबार प्रहरीले गोली चलाउँदा दुई युवाको मृत्यु भएको थियो । त्यसै दिन उच्च अदालत पाटनले अर्को आदेश गर्दै म्यानुफ्याक्चरको भाषा परीक्षामा सबैलाई सहभागी गराउन भनेको छ । तर, नेपालको अदालतले 'ब्याक टु ब्याक' गरेको आदेश कोरियाले स्वीकार्छ भन्ने आधार अहिलेसम्म देखिएको छैन ।

आन्दोलन बढ्न थालेपछि ईपीएस कोरियाले 'शिप बिल्डिङकै भाषा परीक्षाका लागि आवेदन लिने बेला सन् २०२३ मा हुने कुनै पनि क्षेत्रको कोरियन भाषा परीक्षामा फर्म भर्न नपाइने व्यहोरा उल्लेख भएको' स्मरण गराएको थियो । अदालतको एकपछि अर्को आदेशले म्यानुफ्याक्चरको लागि लिन लागिएको भाषा परीक्षा अन्योलमा परेको छ ।उक्त परीक्षाका लागि यसअघि नै एक लाख ४३ हजारभन्दा बढीले आवेदन दिइसकेका छन् ।

असारमा लिइएको शिप बिल्डिङको भाषा परीक्षामा करिब २० हजार अनुत्तीर्ण भएका थिए ।ईपीएस शाखाका प्रमुख कमल श्रेष्ठले एचआरडी कोरियाले जवाफ फर्काएपछि मात्र नयाँ परिस्थितिबारे भन्न सकिने बताए ।उनीहरूले फर्म भर्न दिनु भन्ने जवाफ आएमा अदालतको आदेश कार्यान्वयन हुने अवस्था हुन्छ । तर, पुरानै निर्णय यथावत रहेमा अदालतको आदेश कार्यान्वयन हुने अवस्था रहँदैन', श्रेष्ठले भने ।


➢ व्यक्तिगत सवारीको सट्टा ठुला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारी साधनको प्रयोग बढाऔं ।

➢ डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं ।

➢ आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदुषण जाँच गरौं ।

प्रदुषण घटाऔं, वातावरण जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड








कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही